# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ५ चौमाला, कैलाली श्रावण ०६ गते, बुधबार २०७८ साल, (संख्या ५)


## नगर शिक्षक छनौट तथा व्यवस्थापन कार्यविधि,२०७८ (पहिलो संसोधन)

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।०४।०६**
**प्रमाणिकरण मितिः २०७८।०४।०६**
**पहिलो संसोधनः २०८२।०२।०९**

**<u>प्रस्तावना</u>**

यस नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या र अध्यापन गर्नुपर्ने विषयका आधारमा शिक्षक दरवन्दी न्यून भई लामो समयदेखि पठनपाठनमा समस्या भएको कुरा विद्यालयहरूबाट पटक-पटक आउने गरेको र सो समस्या समाधान गर्ने उद्देश्यले गौरीगङ्गा नगरपालिका कार्यपालिकाको निर्णयअनुसार निर्धारण गरी नगर शिक्षा समितिले उपलब्ध गराएको नगर शिक्षक अनुदान कोटामा योग्य, दक्ष र सक्षम शिक्षक छनोट गर्न र शिक्षक छनोट प्रक्रियालाई व्यवस्थित एवम् मर्यादित बनाउन बाञ्छनीय भएकोले, गौरीगङ्गा शिक्षा ऐन, २०७६ को दफा ४७ तथा गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम “नगर शिक्षक छनोट तथा व्यवस्थापन कार्यविधि, २०७८” रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

(३) यो कार्यविधि गौरीगङ्गा नगरपालिका कैलालीभर मात्र लागू हुनेछ।

**२.परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) समिति भन्नाले बुदाँ ६ को उपबुदाँ (१) बमोजिम गठन भएको नगर शिक्षक छनौट समिति सम्झनुपर्छ।

(ख) नगर शिक्षक भन्नाले यस कार्यविधि बमोजिम छनौट र नियुक्त भएका शिक्षक सम्झनुपर्छ।

(ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले गौरीगङ्गा नगरपालिका कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत वा सो पदको जिम्मेवारी तोकिएको अधिकृत कर्मचारी सम्झनुपर्छ।

(घ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले सम्बन्धित विद्यालयको व्यवस्थापन समिति सम्झनुपर्छ।

(ङ) "विषयविज्ञ" भन्नाले बुदाँ ६ को उपबुदाँ (१) को खण्ड (ग) बमोजिमको समितिको सदस्य सम्झनु पर्दछ।

(च) "कार्यपालिका" भन्नाले गौरीगङ्गा नगरपालिका कैलालीको कार्यपालिका सम्झनुपर्दछ।

(छ) "शाखा प्रमुख" भन्नाले नगरपालिकाको शिक्षा शाखा प्रमुख वा सोको कामकाज गर्न तोकिएको नेपाल शिक्षा सेवाको अधिकृत कर्मचारी सम्झनुपर्छ।

(ज) "कार्यविधि" भन्नाले नगर शिक्षक छनोट तथा व्यवस्थापन कार्यविधि,२०७८ सम्झनुपर्छ।

*(झ) शिक्षक बैंक भन्नाले यस नगरपालिकाको गौरीगङ्गा शैक्षिक उन्नयन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ बमोजिम स्थापित योग्यताक्रम सहितको तह तथा विषयगत शिक्षकहरूको प्रतीक्षा सूची भन्ने बुझिन्छ।

## परिच्छेद-२
## कोटा निर्धारण

**३.नगर शिक्षक कोटा निर्धारण तथा वितरण:** शैक्षिक सत्रको सुरुमा शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम कार्यपालिकाले सामुदायिक विद्यालयमा शिक्षण सेवा करार गर्न सिर्जना गरिएको बालविकास, प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको नगर शिक्षक अनुदान कोटाहरू नगर शिक्षा समितिले शिक्षक विद्यार्थी अनुपात र विद्यालयमा विद्यमान शिक्षक र विषयगत शिक्षकको आवश्यकताअनुसार सामुदायिक विद्यालयहरूमा वितरण गर्नेछ ।

**४. नगर शिक्षकको योग्यताः** नगर शिक्षकको योग्यता प्रचलित कानुन र शिक्षक सेवा आयोग नियमावली बमोजिम हुनेछ *भने बालविकास सहजकर्ता (शिक्षक) को हकमा गौरीगङ्गा प्रारम्भिक बालविकास शिक्षा

* पहिलो संसोधनबाट थप भएको ।

तथा शिशु स्याहार केन्द्र व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम हुनेछ । तर देहायको अवस्थामा शिक्षक पदमा उम्मेदवार हुन देहाय बमोजिमको व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैनः

(क) गौरीगङ्गा नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमा प्रचलित कानुन बमोजिम नियुक्त भई हालसम्म निरन्तर कार्यरत शिक्षकको हकमा पहिलो वर्षको विज्ञापनमा उमेरको हद लागू हुने छैन ।

(ख) माध्यमिक तथा निम्न माध्यमिक तहको विज्ञान, गणित, कम्प्युटर र लेखा विषयमा लगातार दुई पटक (क्रमशः १५ दिन र ७ दिन) सार्वजनिक बिज्ञापन गर्दा पनि स्थायी अध्यापन अनुमतिपत्र लिएका व्यक्तिहरूबाट दरखास्त नपरेमा स्थायी अध्यापन अनुमतिपत्र नलिएका तर अन्य न्यूनतम योग्यता पुगेका व्यक्तिहरू पनि उम्मेदवार हुन बाधा पर्ने छैन ।

**५. नगर शिक्षकको विज्ञापनः** (१) विद्यालयलाई प्राप्त नगर शिक्षक कोटा वि.व्य.स. ले माध्यमिक र निम्न माध्यमिक तहको हकमा अनिवार्य विषयहरू अङ्ग्रेजी, गणित वा विज्ञान, नेपाली र सामाजिक अध्ययन विषयको पदपूर्ति भएपछि मात्र अन्य ऐच्छिक विषयहरू र थप अनिवार्य विषयको कोटा नगरपालिका शिक्षा शाखाबाट अनुमति लिएर मात्र विज्ञापन गर्नु पर्नेछ । यसरी अनुमति प्रदान गर्दा विद्यालयमा सम्बन्धित तहको विद्यमान स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षण सिकाइ अनुदान र नगर शिक्षक कोटामा कार्यरत विषय शिक्षकहरूको गणना गरी निर्धारण गरिनेछ ।

*(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बालविकास, प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको शिक्षक बैङ्क प्रयोजनको लागि नगरपालिकाको शिक्षा शाखाले विज्ञापन गरेको अवस्था वा शिक्षक बैङ्कको प्रतीक्षा सूचीमा आवश्यक तह र विषयका शिक्षक विद्यमान रहेकोमा विज्ञापन गर्न अनुमति दिइने छैन।

*(३) कुनै नगर अनुदान कोटामा कार्यरत शिक्षक लामो बिदा (सुत्केरी/प्रसुति/किरिया बिदा ) वस्नु परेको अवस्थामा विद्यालयको लिखित अनुरोधमा विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी यथाशीघ्र शिक्षा शाखाले तह र विषय मिल्ने गरी शिक्षक बैङ्कको प्रतीक्षा सूचीमा रहेका उम्मेद्वारहरूमध्ये योग्यताक्रमका आधारमा तोकिएको अवधिका लागि मात्र सम्बन्धित तहको नगर शिक्षकले पाउने बराबरको रकम दैनिक ज्यालादारीका आधारमा पारिश्रमिक पाउने गरी विद्यालयमा खटाउन सक्ने छ।

*(४) कुनै नगर अनुदान कोटामा कार्यरत शिक्षकको पद रिक्त भएमा विद्यालयको लिखित अनुरोधमा शिक्षा शाखाले तह र विषय मिल्ने गरी शिक्षक बैङ्कको प्रतीक्षा सूचीमा उम्मेद्वारहरू भएमा योग्यताक्रमको आधारमा छनौट गर्ने गरी विद्यालयलाई न्यूनतम ७ (सात) दिनको सूचना प्रकाशन गरी करारमा पदपूर्ति गर्न अनुमति प्रदान गर्न सक्ने छ।

*पहिलो संसोधनबाट थप भएको ।

*(५) उपदफा (४) को प्रयोजनका लागि शिक्षक बैङ्कको प्रतिक्षा सूची कम्तिमा प्रत्येक २ (दुई) वर्षमा नगरपालिकाले अद्यावधिक गर्नुपर्ने छ । नयाँ सूची अद्यावधिक भएपछि पुरानो सूची स्वतः निष्कृय हुनेछ।

*(६) उपदफा (४) बमोजिम नगरपालिकाबाट प्रकाशित शिक्षक बैङ्कको प्रतीक्षा सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारहरुको शिक्षक पदमा नियुक्त हुन निवेदन नपरेमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि कुनै व्यक्तिलाई करारमा नियुक्ति गर्न सक्नेछ।

*(७) विद्यालयले यस नियम बमोजिम करारमा शिक्षक नियुक्त गरेको जानकारी नगरपालिकालाई दिनुपर्नेछ।

*(८) यस नियम बमोजिमको प्रक्रिया नपुऱ्याई शिक्षक नियुक्ति गरिएमा नगरपालिकाले त्यस्तो नियुक्ति बदर गर्नुपर्नेछ।‡

## परिच्छेद-३
## समितिको गठन

**६.नगर शिक्षक छनोट समितिः (**१) नगर शिक्षक नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक नगर शिक्षक छनौट समिति रहनेछः-

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सोसमितिको सदस्य - अध्यक्ष

(ख) शाखा प्रमुख वा निजले तोकेको शिक्षा सेवाको अधिकृत स्तरको कर्मचारी – सदस्य

(ग) माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र अन्य तहका लागि कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित तहको १० महिने वा सो सरह तालिम हासिल गरी विषयविज्ञमा सूचीकृत व्यक्तिहरू मध्येबाट नगर शिक्षा समितिले तोकेको विषयविज्ञहरू दुई जना - सदस्य

(घ) प्रधानाध्यापक -सदस्य सचिव

(२) उपदफा(१) को खण्ड (ग) को प्रयोजनका लागि शिक्षा शाखाले विषयविज्ञ सूची नियमित अद्यावधिक गरी राख्नु पर्नेछ।

(३)उपदफा (१) को खण्ड (ग) को माध्यमिक तहको विज्ञान, गणित, लेखा र कम्प्युटर विषयको शिक्षक छनौट प्रयोजनका लागि सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको व्यक्ति उपलव्ध हुन नसकेमा स्नातक तह उत्तीर्ण र कम्तीमा २ वर्ष सेवा अवधि पुगेको व्यक्ति विषयविज्ञ सदस्यका रुपमा मनोनयन गर्नबाधा पर्ने छैन ।

* पहिलो संसोधनबाट थप भएको ।



गौरीगङ्गा राजपत्र

(४) यस समितिमा अवश्यकतानुसार सम्बन्धित विषयको विज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) यस नगरपालिकाको विज्ञसूचीबाट कुनै विषयको विज्ञ उपलव्ध हुन नसकेमा शिक्षा विकास तथा समन्वय एकाई कैलाली वा अन्य स्थानीय तहको विज्ञ सूची र अन्य विषयगत कार्यालयहरूमा कार्यरत विज्ञ कर्मचारी वा सेवा निवृत्त कर्मचारी विषयविज्ञका रुपमा मनोनयन गर्न बाधा पर्ने छैन।

*(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि शिक्षक बैङ्क प्रयोजनको लागि नगर शिक्षा समितिले ५ सदस्यीय शिक्षक बैंक छनौट तथा व्यवस्थापन समिति बनाउन सक्नेछ । शिक्षक बैङ्कको लागि हुने विज्ञापन तथा छनौट सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ४
## समितिको काम कर्तव्य र अधिकार

**७.समितिको काम कर्तव्य र अधिकारः** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) यस कार्यविधि र प्रचलित कानून अनुसार नगर शिक्षक छनोट परीक्षा सञ्चालन गर्ने,

(ख) शिक्षक नियुक्तिका लागि आवश्यक प्रक्रिया पूरा गरी विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने,

(ग) शिक्षक छनोटका लागि आवश्यक पर्ने प्रशासनिक तथा प्राविधिक सबै कार्य प्रचलित मापदण्ड अनुसार गर्ने,

(घ) समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद -५
## नगर शिक्षक छनोट तथा परीक्षा सञ्चालन

**८.नगर शिक्षक छनोट :** नगर शिक्षकको छनोटको व्यवस्था देहाय बमोजिम हुनेछः

(क) नगर शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयको लागि निर्धारण गरिएको पाठ्यक्रम र परीक्षा प्रणाली बमोजिम गरिनेछ ।

(ख) विद्यालयले कम्तीमा १५ दिनको विज्ञापन प्रकाशन गरी नगरपालिका, वडा कार्यालय, सम्बन्धित विद्यालय र अन्य सार्वजनिक स्थानहरूमा सूचना टाँस गरी त्यसको भरपाई र मुचुल्का उठाइ सुरक्षित राख्नु पर्नेछ ।

(ग) उम्मेदवारले विज्ञापनका सबै शर्तहरू पूरा गरी तोकेको दस्तुर र आवश्यक कागजात सहित अनुसूची-१ बमोजिमको ढाँचामा २ प्रति फाराम भरी सम्बन्धित विद्यालयमा दरखास्त दिनुपर्ने छ ।

* पहिलो सोसोधनबाट थप भएको ।



गौरीगंगा राजपत्र

(घ) विद्यालयले तोकिएको समयभित्र परेका दरखास्त उपर छानविन गरी रीत पुगेको उम्मेदवारलाई प्रवेशपत्र दिनुपर्ने छ।

(ङ) शिक्षक छनोट समितिले तोकेको मिति र समयमा कार्यपालिकाको कार्यालय परिसर वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको सुरक्षित स्थानमापरीक्षा सञ्चालनगरिने छ।

(च) तह र विषय मिल्ने देखिएमा एउटै प्रश्नपत्र प्रयोग गरी एउटै मिति, समय र स्थानमा एकभन्दा बढी विद्यालयका लागि परीक्षा सञ्चालन गर्न सकिने छ।

(छ) अन्तर्वार्तामा अनुभववाफतको अङ्क दिदाँ प्रचलित कानुन बमोजिम नियुक्त भई सम्बन्धित तह र विषयको विद्यालय स्रोतको शिक्षकका रुपमा कार्यरत रहेको सेवा अवधि प्रमाणित कागजात पेश गरेमा शिक्षक सेवा आयोग नियमावली (संसोधन सहित), २०५७ मा भएको अनुभव वाफत अङ्क प्रदान गर्ने व्यवस्था बमोजिमको अङ्क प्रदान गरिने छ।

(ज) लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको मात्र अन्तर्वार्ता लिइनेछ ।

(झ) आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा पनि लिन सकिनेछ ।

(ञ) लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परीक्षामा गरी सबैभन्दा बढी कुल प्राप्ताङ्क भएको उम्मेदवार छनोट गरी नियुक्तिका लागि सिफारिस गरिने छ र यसको सूचना टाँस गरी सार्वजनिक गर्नु पर्नेछ ।

**९.परीक्षा सञ्चालनः** नगर शिक्षक छनौटमा खटिएका शिक्षक छनोट समितिका पदाधिकारी, कर्मचारी, सुरक्षाकर्मीले देहाय बमोजिमको परीक्षा सञ्चालन गर्नुपर्ने छः

(क) विभिन्न विद्यालयको संयुक्त रुपमा परीक्षा सञ्चालन गर्नु परेमा प्रमुख प्रशासकीय अधिकृतले परीक्षाको मर्यादा कायम हुनेगरी केन्द्राध्यक्ष र आवश्यक सङ्ख्यामा निरीक्षक तोक्न सक्ने छन् ।

(ख) परीक्षामा खटिने समितिका पदाधिकारी, कर्मचारी, विषयविज्ञ सुरक्षाकर्मी लगायतले प्रचलित नियमानुसारको भत्ता पाउनेछन् ।

(ग) परीक्षा भवन तथा परिसरमा खटाइएका कर्मचारी, सुरक्षाकर्मी, शिक्षक छनोट समितिका पदाधिकारी बाहेक अन्य कसैलाई प्रवेश गर्न अनुमति दिइने छैन।

(घ) परीक्षा सञ्चालन हुनु पूर्व छनोट समितिको वैठक राखी परीक्षा सञ्चालन सम्वन्धी मापदण्ड र आचारसंहिता तयार गरी कार्यान्वयन सम्वन्धी अभिमुखीकरण गरिनेछ।

(ङ) प्रमुख प्रशासकीय अधिकृत/शाखा प्रमुख वा निजले तोकेको शिक्षा सेवाको अधिकृत स्तरको कर्मचारीको रोहवरमा उत्तरपुस्तिकामा कोडिङ डिकोडिङको काम गरिने तथा निजकै रोहवरमा परीक्षा केन्द्र हाताभित्र विषयविज्ञबाट उत्तरपुस्तिका परीक्षण र आवश्यकतानुसार सम्परीक्षणको काम गरिनेछ ।

(च) सम्बन्धित विद्यालयको शिक्षकलाईलाई यस समितिको सदस्य र विषयविज्ञको रुपमा समावेश गरिने छैन।

(छ) छनौट समितिका पदाधिकारी,विषय विज्ञ र उमेदवारका बीचमा कानुनले तोकेअनुसारको नजिकको नाता सम्बन्ध रहेको अवस्थामा उक्त नाता पर्ने व्यक्ति समितिमा रहने छैन।

(ज) शिक्षक छनौट सम्बन्धी  सम्पूर्ण निर्णयहरू निर्णय पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनुपर्ने छ।

(झ) नगर कार्यपालिकाबाट स्वीकृत यस कार्यविधिलाई विद्यालय र शिक्षक छनौट समितिले पूर्णरुपमा पालना गर्नुपर्ने छ ।

(ञ) परीक्षा सञ्चालनमा लाग्ने सम्पूर्ण खर्चको व्यवस्थापन सम्वन्धित विद्यालयले गर्नुपर्ने छ।

(ट) विषयविज्ञद्वारा परीक्षा सुरु हुनुभन्दा १ (एक) घण्टा अगाडि परीक्षा सञ्चालन स्थलमा नै समितिको रोहवरमा प्रश्नपत्र निर्माण परिमार्जन/मोडरेसन गरिने छ।

(ठ) प्रश्नपत्र निर्माण कार्य प्रारम्भ भएदेखि अन्तिम नतिजा प्रकाशनको कामसमाप्त नभएसम्म सो कार्यमा संलग्न सबैले मोवाइल फोन र अन्य सञ्चारको माध्यम प्रयोग गरी परीक्षा हल बाहिर कुनै किसिमको सञ्चार गर्न र अनुमतिबिना बाहिरभित्र गर्न पनि पाउने छैनन् ।

(ड) परीक्षार्थीलाई उत्तर पुस्तिका र प्रश्नपत्र वितरण कार्य नगरपालिकाको अधिकृत कर्मचारीको रोहवरमा गरिने छ।

(ढ) प्रश्नपत्रसँगै उत्तरकुञ्जिका निर्माण गरी उत्तरकुञ्जिका अनुसारको परीक्षण परीक्षकले शिक्षक छनोट समितिको रोहवरमा गर्ने ।

(ण) उत्तरपुस्तिकामा आफूलाई चिनाउने गरी कुनै सङ्केत गर्न पाइने छैन। यो नियम विपरीत कुनैसङ्केत गरिएकोपाइएमा उत्तरपुस्तिका र निजको परीक्षा रद्द गरिने छ।

## परिच्छेद - ६
## सेवा शर्त तथा सुविधा

**१०. नगर शिक्षकको सेवा सर्त तथा सुविधा:** यस कार्यविधि अनुसार नियुक्त नगर शिक्षकको सेवा शर्त तथा सुविधा देहाय बमोजिम हुनेछः

(क) शिक्षक छनोट समितिको सिफारिसमा विद्यालय व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रका लागि नगर शिक्षकको करार नियुक्ति गर्नेछ। यसरी गरिएको नियुक्ति नगरपालिकाबाट समर्थन गरिएको हुनु पर्नेछ ।

गौरीगंगा राजपत्र

(ख) विद्यालयले खण्ड (क) बमोजिम नियुक्त नगर शिक्षकको अभिलेख फाइल तयार गरी नियुक्त भएको १५ (पन्ध्र) दिनभित्र नगरपालिकाको शिक्षा शाखामा पेश गर्नुपर्नेछ।

(ग) नगर शिक्षकको सेवा शर्त तथा सुविधाहरू कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(घ) कार्यरत विद्यालयको वि.व्य.स. र नगर शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार एक शैक्षिक सत्र पूरा सेवा गरेका नगर शिक्षकको एक पटकमा १ वर्षमा नबढाई सेवा करारको म्याद थप गर्न सकिनेछ ।

(ङ) नगर शिक्षा समितिले यस कार्यविधि बमोजिम नियुक्त नगर शिक्षकलाई तह र विषय मिल्ने गरी नगरपालिकाभित्रका विद्यालयहरूमा स्थानान्तरण गर्न सक्नेछ ।

(च) नगर शिक्षकको बिदाको व्यवस्था र अन्य सुविधा सेवा करार सम्बन्धी प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

## परिच्छेद -७
## विविध

**११.** यस कार्यविधिमा उल्लेख भएका कुरा यसै बमोजिम हुने र अन्य कुराहरू गौरीगङ्गा शिक्षा ऐन २०७६, गौरीगङ्गा नगर शिक्षा नियमावली, २०७४ र सोमा तोकेका कानूनबमोजिम हुनेछ।

**१२.बाझिएमा अमान्य हुने:** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म मान्य हुने छैन ।

**१३.बाधा अड्काउ हटाउने अधिकार:** यस कार्यविधिको कार्यान्यनमा कुनै बाधा व्यवधान आइपरेमा बाधा अड्काउ फुकाउन नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्ने छ।

**१४.संशोधन र खारेजी:** यस कार्यविधिलाई नगर कार्यपालिकाले आवश्यक प्रक्रिया पूरा गरी संसोधन वा खारेज गर्न सक्ने छ।

गौरीगंगा राजपत्र

## अनुसूची १

## नगर शिक्षक छनोट परीक्षाको प्रवेश पत्रको ढाँचा
**(दफा ७ को खण्ड ग सँग सम्वन्धित)**

हालसालै खिचेको पासपोट साइजको फोटो र फोटोमा पर्ने गरी उमेदवार र दरखास्त स्वीकृत गर्नेको दस्तखत अनिवार्य गर्नुपर्ने

विद्यालयको नामः ..........................................................

विज्ञापन नः......................................

तहः ..........................................

विषयः...........................................

दरखास्त दस्तुररु : .........................

उम्मेदवारको नाम थरः ...................................

स्थायी ठेगानाः.........................................

मोवाइल नः ..........................................

सम्बन्धित विद्यालयमा कार्यरत भए

नियुक्ति मितिः ....................................

तहः.............................................

विषयः........................................................

सेवा अवधिः ............................................

उम्मेदवारको दस्तखतः..........................................

मिति ................................................

गौरीगङ्गा नगरपालिकाको कार्यालय परिसरमा सञ्चालन हुने नगर शिक्षक छनोट परीक्षामा सम्मिलित हुन तपाइँलाई यो प्रवेशपत्र दिइएको छ । रीत नपुगेको देखिएमा जुनसुकै समयमा दरखास्त रद्द गर्न सकिने छ ।

रोल न. ...........................

.......................................

गौरीगंगा राजपत्र

दरखास्त स्वीकृत गर्नेको दस्तखत

## परीक्षार्थीको आचार सँहिता

१. परीक्षार्थीले परीक्षामा सहभागी हुन प्रवेशपत्र अनिवार्य रुपमा ल्याउनुपर्ने छ अन्यथा परीक्षामा सहभागी हुन पाइने छैन ।

२. परीक्षा हलमा मोवाइल फोन र अन्य सञ्चारका साधन प्रयोग गर्न पाइने छैन।

३. उत्तरपुस्तिकामा लेख्न कालो मसीको मात्र प्रयोग गर्नुपर्ने छ ।

४. परीक्षा भवनमा समयमै आइपुग्नुपर्ने र परीक्षा समाप्त भएपछि मात्र परीक्षा हल छोड्न पाइने छ ।

५. परीक्षामा कापी, किताव, कागज, चिट आदि लैजान पाइने छैन तथा कुराकानी सङ्केत र शङ्कास्पद गतिविधि गर्न पाइने छैन ।

६. परीक्षाको मर्यादा बिग्रने गरी कुनै अनुचित काम गरेमा प्रचलित कानुनबमोजिम कारवाही गरिने छ ।

७. अन्तर्वार्तामा समेत अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनुपर्ने छ। अन्य नियमहरू परीक्षाका प्रचलित नियम तथा आचार सँहिता बमोजिम नै हुनेछन् ।

भिम बहादुर देउवा
नगरप्रमुख
गौरीगङ्गा नगरपालिका चौमाला, कैलाली

गौरीगंगा राजपत्र